# ‘साल्गीको बलात्कृत आँसु’ कथामा वर्गीय द्वन्द्व

**Kaumodaki: Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN: 2822 - 1567 (Print); ISSN: 2822 -1583 (Online)
Published by Research Management Cell, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**सुरज पौडेल**
Department of Nepali Education, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara, Nepal

***Article History:*** *Submitted 10 Nov. 2022; Reviewed 08 Dec. 2022; Accepted 29 Dec. 2022*
***Corresponding Author:*** *Suraj Poudel,* ***Email:*** *poudelsuraj91@gmail.com*
***DOI:*** *https://doi.org/10.3126/kdk.v3i1.52127*

**लेखसार**

*प्रस्तुत ‘साल्गीको बलात्कृत आँसु’ कथामा वर्गीय द्वन्द्व शीर्षकको आलेख मार्क्सवादी वर्गीय चिन्तनका कोणबाट कथालाई विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको हो । आलेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालय कार्यको उपयोग गरी संकलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको अध्ययनबाट प्राप्त तथ्यलाई तर्क, प्रमाण/साक्ष्य र उदाहरणका आधारमा पुष्टि गरिएको छ । कथामा प्रयुक्त ल्वाँगे घर्ती, सरदार्नी लगायतका पात्रहरूले शोषक र सामन्त वर्गको प्रतिनिधित्व गरेका छन् भने साल्गी, साल्गीकी आमा, आवा लगायतका पात्रहरूले शोषितपीडित वर्गको प्रतिनिधित्व गरेका छन् । खासगरी ल्वाँगे घर्तीजस्तो दलालले गाउँकी सोझी केटी साल्गीलाई आर्थिक प्रलोभनमा पारी जागिर लगाइदिने बहानामा कानपुरको वेश्यालयमा पुऱ्याई नारकीय जीवन बिताउन बाध्य बनाएको छ । साल्गीको देह व्यापारबाट वेश्यालयकी मालिक्नी सरदार्नी रातारात धनी बनेकी छ तर साल्गी जीर्ण शरीर र विदीर्ण हृदय लिएर गाउँ र घरपरिवारको सम्झनालाई केवल हृदयमा सजाएर बाँच्न विवश छ। वर्गीय चिन्तनका कोणबाट कथालाई दृष्टिगत गर्दा कथाका निम्नवर्गीय पात्रहरू गरिबी/अभाव र अशिक्षाको शिकार, यौन शोषण र प्रताडना, लैङ्गिक उत्पीडनबाट आक्रान्त छन् । यति हुँदाहुँदै पनि निम्नवर्गीय पात्रहरू सम्भ्रान्त वर्गको शोषणका विरुद्ध सशक्त रूपमा उत्रिएका छन् । सम्भ्रान्त वर्गका पात्रहरूको क्रुरतापूर्ण व्यवहारका विरुद्ध निम्नवर्गीय पात्रहरूले सङ्घर्ष र विद्रोहको आगो ओकलेका छन् । कार्ल मार्क्सले भनेझैँ सम्भ्रान्त वर्गको शोषण र उत्पीडनबाट मुक्ति पाउनका लागि निम्नवर्गीय पात्रहरूले गरेका प्रयत्नका कारण कथा वर्गीय द्वन्द्वका कोणबाट सफल देखिएको छ ।*

**शब्दावली :** वर्गीय चित्रण, बलात्कृत, लैङ्गिक उत्पीडन, प्रताडना, विद्रोह, वेश्यालय

## विषयप्रवेश

प्रगतिवादी साहित्यकार पारिजात (वि.सं. १९९३-२०५०) नेपाली साहित्य आकाशकी सशक्त नारी प्रतिभा हुन् । *मैले नजन्माएको छोरो* (२०२१) बाट कथायात्रा सुरु गरेकी पारिजातका आदिम देश (२०२५), सडक र प्रतिभा

*Copyright 2023 © the Author(s) and the Publisher*

(२०३२), साल्गीको बलात्कृत आँसु (२०४३), बधशाला जाँदा आउँदा (२०४९) गरी जम्मा चारवटा कथा सङ्ग्रह प्रकाशित छन् । पछि फिनिक्स बुक्सको प्रकाशनमा पारिजातद्वारा लिखित तिसवटा कथालाई सङ्कलन गरी *मैले नजन्माएको छोरो* (२०७३) कथा सङ्ग्रह प्रकाशित गरिएको छ । साहित्यका विभिन्न विधाहरूमध्ये कथा, कविता, उपन्यास, निबन्ध, आत्मसंस्मरणजस्ता साहित्यिक विधामा पारिजातले कलम चलाएकी छन् । पारिजात आफ्नो पुस्ताका लेखक र पाठकहरूमाझ सर्वाधिक परिचित र लोकप्रिय नाम हो (भूमिका, २०७३, पृ. ७) । उनको वि.सं. २०२१ देखि २०४९ सम्मको कथा यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । पारिजातका पहिलो चरणका कथामा विसङ्गतिवादी जीवन दर्शन पाइन्छ भने दोस्रो चरणका कथामा सामन्तवादी युगीन परिवेशप्रतिको विद्रोह भाव अभिव्यक्त भएका छन् । खासगरी पारिजातले दोस्रो चरणका कथामा वर्गीय जीवन चेतना भएका नारी पात्रको प्रयोग गरेकी छन् (गौतम, २०६१, पृ. ७३) । उनका नारीवादी कोणबाट लेखिएका प्रायः कथाहरूमा पुरुष वर्गप्रति घृणा र व्यङ्ग्य प्रकट गरिएको पाइन्छ । यसका साथै विसङ्गतिवादी, अस्तित्ववादी र शून्यवादी दर्शनको त्रिवेणीबाट जीवन जगत्लाई दृष्टिगोचर गरेकी पारिजातका कथामा बौद्धिक चिन्तन र आत्मचेतनाको सरस अभिव्यक्ति पाइन्छ । यही कारण पारिजात गरिब, बेचिएका चेलीबेटी, घर, कार्यालय, कारखाना जताततै शोषित जीवन बिताउन बाध्य भएका नेपालीहरूप्रति सहानुभूति राख्छिन् (श्रेष्ठ, २०५७, पृ. १८०-१८१) । नेपाली समाजका वर्गीय चरित्रलाई प्रतिनिधिमूलक ढङ्गले कथामा उपस्थित गराएर वर्ग संघर्षलाई प्रस्तुत गर्ने काम पारिजातले आफ्ना कथामा गरेकी छन् ।

साहित्यकार पारिजातद्वारा लिखित प्रस्तुत 'साल्गीको बलात्कृत आँसु' *मैले नजन्माएको छोरो* (२०७३) कथा सङ्ग्रहमा संङ्ग्रहित एक प्रगतिवादी कथा हो । मार्क्सवादी विचारधाराबाट प्रभावित भएर लेखिएको यस कथामा सिन्धुपाल्चोक र कानपुरलाई कार्यपीठिका बनाएर नेपाली निम्नवर्गीय जनजीवनको सजीव प्रस्तुति गरिएको छ । प्रस्तुत कथामा वर्गीय द्वन्द्वको के कस्तो अवस्था रहेको छ भन्ने समस्याको समाधान गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । कथाकार पारिजातका विभिन्न कथाहरूमध्ये प्रस्तुत 'साल्गीको बलात्कृत आँसु' कथालाई वर्गीय द्वन्द्वका कोणबाट मात्र विश्लेषण गर्नु यस अध्ययनको मुख्य क्षेत्र वा परिसीमा रहेको छ ।

वर्गीय द्वन्द्वका विषयमा कार्ल मार्क्सले गहन ढङ्गले चर्चा गरेका छन् । मार्क्सका अनुसार समाजमा मूलतः सम्भ्रान्त वर्ग र निम्न वर्ग रहन्छन् । निम्न वर्गको श्रम र पसिनालाई उपयोग गरेर आफ्नो सम्पन्नताको उचाइ बढाउँदै लैजाने मनोविज्ञान सम्भ्रान्त वर्गमा रहन्छ । आफ्नो श्रमको समुचित कदर नहुँदा निम्न वर्ग सम्भ्रान्त वर्गका विरुद्ध आक्रोशित र विद्रोही बन्छ । यिनै कारणले नै समाजमा वर्गीय द्वन्द्व हुन्छ भन्ने मार्क्सको धारणा रहेको छ । हुन त पारिजातद्वारा लिखित 'साल्गीको बलात्कृत आँसु' लाई अन्य समालोचकीय कोणबाट पनि विश्लेषण गर्न सकिन्छ तापनि यहाँ मार्क्सको वर्गीय द्वन्द्वका कोणबाट कथालाई विश्लेषण गरिएको छ ।

## समस्याकथन र उद्देश्य

प्रस्तुत आलेख कथाकार पारिजातद्वारा लिखित 'साल्गीको बलात्कृत आँसु' कथामा वर्गीय द्वन्द्वलाई कसरी चित्रण गरिएको छ भन्ने मूल समस्यामा केन्द्रित भएर तयार गरिएको छ । उनका विभिन्न कथाहरूमध्ये यस कथालाई कार्ल मार्क्सको वर्गीय द्वन्द्वका कोणबाट मात्र विश्लेषण गर्नु यस आलेखको उद्देश्य रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन मूलतः गुणात्मक प्रकृतिको छ । वर्णनात्मक एवम् व्याख्यात्मक ढाँचालाई अवलम्बन गरी तयार पारिएको यस आलेखमा पुस्तकालयलाई अध्ययन सामग्रीको प्रमुख स्रोत बनाइएको छ । विवेच्य कथा

'साल्गीको बलात्कृत आँसु' सङ्कलित *मैले नजन्माएको छोरो* कथा सङ्ग्रह प्राथमिक सामग्री हो । विवेच्य कथासँग सम्बन्धित भएर तयार पारिएका अन्य लेखरचनाहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ भने वर्गीयतासम्बन्धी तयार पारिएका सामग्रीहरूलाई यस अध्ययनको मूल सैद्धान्तिक आधार बनाइएको छ। अध्ययनको मूल समस्या र उद्देश्यमा केन्द्रित भएर कथालाई चिरफार गर्ने क्रममा वर्गीय द्वन्द्वसम्बन्धी आवश्यक थिमहरू निर्माण गरी कथाको विवेचना गरिएको छ । विवेचनाका क्रममा सन्दर्भ र प्रसङ्गअनुसार थिमहरूलाई पुष्टि गर्न कथाका प्रसङ्गहरूलाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ । आवश्यक ठाउँमा पूर्वअध्येताहरूसँग संवाद गर्दै लेखकीय दाबीलाई तर्कसङ्गत पुष्टि गरिएको छ । सन्दर्भाङ्कन, सन्दर्भ सूची, शीर्षकीकरण, अनुच्छेदविन्यासको व्यवस्थापन तथा सम्पादनका लागि एपिए सातौँ संस्करणलाई अनुसरण गरिएको छ ।

## वर्गीय द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता

विश्वप्रसिद्ध जर्मन दार्शनिक कार्ल मार्क्स (सन् १८१८-१८८३) ले वर्गीय चिन्तनसम्बन्धी अवधारणालाई सर्वप्रथम अगाडि सारेका हुन् । कार्ल मार्क्स १९ औं शताब्दीका महान् चिन्तक मानिन्छन् । उनले प्रतिपादन गरेका विभिन्न सिद्धान्तहरूमध्ये वर्ग संघर्षको सिद्धान्त पनि एक हो । राज्य सञ्चालनको मुख्य स्तम्भका रूपमा रहेका आधार (जग/अर्थ) र अधिरचना (सुपर स्ट्रक्चर) का कारण वर्गीय स्थिति उत्पन्न हुन्छ । जगमा वर्गसंघर्ष रहने हुनाले साहित्य वर्गसंघर्षकै कथा हो भन्ने स्पष्टिन आउँछ (गौतम, २०५९, पृ. २२) । ऐतिहासिक भौतिकवादको पूरक सिद्धान्तका रूपमा रहेको वर्ग संघर्षको सिद्धान्तले समाजको आजसम्मको इतिहास वर्ग संघर्षको इतिहास हो भन्ने मान्यतालाई अगाडि सारेको छ । कट्टर भौतिकवादी दार्शनिक मार्क्स सबै कुराको केन्द्रविन्दु पदार्थलाई मान्छन् । मार्क्सका विचारमा द्वन्द्व भनेको सामाजिक वर्गहरूका बिच हुने अन्तर्विरोधहरूको आपसी सङ्घर्ष र त्यसको परिणाम हो (शर्मा र लुइटेल, २०६३, पृ. १४५) । कार्ल मार्क्सले भने झैँ कुनै पनि समाज वर्गसंघर्षबाटै अगाडि बढेको छ । वर्ग संघर्षलाई सबै समाजमा मूल तत्त्व मानी मार्क्स र एङ्गेल्सले सन् १८४८ को कम्युनिष्ट घोषणा पत्रको थालनीमा "आजसम्मको सम्पूर्ण सामाजिक जीवनको इतिहास वर्गसंघर्षको इतिहास हो । स्वतन्त्र मानिस र दास, अभिजात वर्ग र साधारण जनता, सामन्त र किसान, उद्योगपति र मजदुर अर्थात् शोषक र शोषित सदैव एकअर्काका बिरुद्ध कहिले खुलेर र कहिले लुकेर निरन्तर युद्ध गरिरहन्छन् । यस संघर्षको परिणामस्वरूप प्रत्येक पटक कि त समाजमा क्रान्तिकारी पुनर्निर्माण भएको छ कि संघर्ष गर्ने वर्गहरूको विनाश भएको छ (शर्मा र लुइटेल, २०६३, पृ. १४७) । मार्क्सको यस सिद्धान्तले कुनै पनि समाजमा हुने खाने (उच्च वर्ग) र हुँदा खाने (निम्न वर्ग) वर्गका बिचमा निरन्तर संघर्ष चलिरहन्छ र यसको मुख्य कारण आर्थिक असमानता नै हो भनी बताएको छ । मार्क्सका भनाइअनुसार आधारले नै अधिरचनाको स्वरूपको निर्माण गर्छ तथा अधिरचनाले आधारमा निहित  वर्गविभेदलाई सुरक्षा दिने काम गर्छ (उप्रेती, २०६९, पृ. १६४) । मार्क्सले समाज विकासका विभिन्न चरणहरू उल्लेख गर्दै दास युगमा मालिक र दास, सामन्ती युगमा सामन्त र किसान तथा पूँजीवादी युगमा पूँजीपति र मजदुरका बिचमा वर्गसङ्घर्ष हुँदै आएको तथ्यलाई अगाडि सारेका छन् ।

मार्क्ससँगै प्लेखानोभ र जर्च लुकाचले अगाडि सारेको वर्गसङ्घर्षको सन्दर्भलाई खासगरी सन् १९६० को दशकपछि विकसित बहुलवादी चिन्तनसँगै पाश्चात्य समालोचनाका क्षेत्रमा सीमान्तीय अध्ययनका रूपमा चिनाउन थालियो । 'सबाल्टर्न' को नेपाली रूप सीमान्तीय अध्ययन कोरा सिद्धान्त मात्र नभएर व्यवहारसित गाँसिएको प्रश्न हो (बराल, २०७३, पृ. १७२) । इटलीका नवमार्क्सवादी एन्टोनियो ग्राम्चीले हेजेमोनी (प्रभुता/प्रभुत्व) का सन्दर्भबाट सबाल्टर्नलाई नियालेका छन् (शर्मा, २०७०, पृ. ३१६) । ग्राम्चीपछि लुइस अल्थुसर, अर्नेस्टो लक्लाउ,

च्यान्टल मफे लगायतका विद्वान्हरूले ग्राम्चीको मान्यताको खण्डन गर्दै सबाल्टर्नलाई मौन संस्कृतिका सन्दर्भबाट हेरेका छन् । सीमान्तीय वा सबाल्टर्नलाई सांस्कृतिक अध्ययनभित्र राख्न सकिने तर्क उनीहरूको छ । सांस्कृतिक अध्ययनभित्र देखिने सीमान्तीय अध्ययनले मूल धारमा नसमेटिएका तथा किनारामा रहेका वर्ण, वर्ग तथा नश्लहरूका जीवन भोगाइलाई विषय बनाउँछ (सुब्बा, सन् २०११, पृ. ६०) । खासगरी सीमान्तीय अध्ययनमा सीमान्त वर्गको सामर्थ्य, सम्भावना, स्वाधीनता, हक अधिकार र आवाजको खोजी गरिन्छ । कुनै जात, वर्ग, लिङ्ग, संस्कृति, भूगोल, पेसा/व्यवसाय आदिका नाममा अधीनस्थ हुन पुगेका व्यक्ति वा समुदायले भोग्नुपरेका पीडा व्यथाहरूको अध्ययन यसले गर्दछ (पौडेल, २०७९, पृ. १२१) । यसै सन्दर्भमा सम्भ्रान्त/सम्पन्न वर्गले विपन्न वर्गमाथि गरेको दमन, विभेद र अन्यायका विरुद्ध आवाज उठाउने कार्य पनि सीमान्तीय अध्ययनले गर्दछ ।

अष्ट्रेलियाको राष्ट्रिय विश्वविद्यालयका प्राध्यापक भारतीय नागरिक रञ्जित गुहाको नेतृत्वमा सबाल्टर्न स्टडिज ग्रुप (सन् १९८२) निर्माण भई उक्त समूहमार्फत सीमान्तीय अध्ययनलाई मौलिक रूप दिने कार्य गरिएको छ । उनको यस समूहमा एरिक स्ट्रोक्स, डेभिड अर्नोल्ड, ज्ञानेन्द्र पाण्डे, गायत्री चक्रवर्ती स्पिभाक रहेका छन् । गुहाले सीमान्तीयता मार्क्सले भने झैँ आर्थिक पक्षसँग मात्र सम्बन्धित नभएर जात, लिङ्ग र संस्कृतिसँग पनि सम्बन्धित भएको विचार व्यक्त गरेका छन् । सबाल्टर्नलाई देश, काल र परिस्थितिअनुसार बहुलवादी कोणबाट बुझ्नुपर्ने उनको तर्क छ । रञ्जित गुहाले सबाल्टर्नहरू निर्धा निमुखा हुन्, उनीहरूलाई बोल्न लगाउनुपर्छ भन्ने धारणा राख्छन् भने स्पिभाकले सबाल्टर्न बोल्न सक्दैनन् भन्दै उनीहरूलाई चेतनशील बनाउने कुराप्रति विमति राख्छिन् (बराल, २०७३, पृ. १८२) । गुहाले अहिलेसम्म सम्भ्रान्तहरूको मात्र इतिहास लेखिएको हुनाले इतिहासको पुनर्लेखनमा जोड दिँदै आएका छन् भने डेरिडाको विनिर्माणवाद, फुकोको नवइतिहासवादजस्ता सिद्धान्तले इतिहासको पुनर्लेखनलाई जोड दिँदै सीमान्तीय अध्ययनलाई बल पुऱ्याएका छन् ।

सीमान्तीय वा वर्गीय अध्ययनलाई नेपाली साहित्यसँग पनि जोडेर हेर्न सकिन्छ । समय र परिस्थितिको परिवर्तनसँगै नेपालमा आएको राजनीतिक र सामाजिक परिवर्तनले नवइतिहास लेखनको खोजी गरेको छ । यद्यपि अझै पनि नेपाली समाजमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, लैङ्गिक, वर्गीय विभेदका अवशेषहरू बाँकी नै छन् । कतिपय साहित्य सम्भ्रान्त वर्गकै पक्षपोषण हुने गरी लेखिएको छ । राज्यले पिछडिएको क्षेत्र र वर्गको उत्थानका निम्ति चालिएका कदमले आकार लिन सकेका छैनन् । यस्तो अवस्था हुँदाहुँदै पनि पारिजात, दिनेश अधिकारी, रमेश विकल, रामलाल जोशी लगायतका साहित्यकारहरूले सीमान्तकृतहरूको पक्षमा कलम चलाएका छन् । वर्गीय वा सीमान्तीय कोणबाट विश्लेषण गर्न सकिने साहित्य नेपालीमा प्रशस्त लेखिएको पाइन्छ ।

## 'साल्गीको बलात्कृत आँसु' मा वर्गीय द्वन्द्व

साहित्यकार पारिजातद्वारा लिखित 'साल्गीको बलात्कृत आँसु' विद्रोही चेतनालाई उजागर गर्ने प्रगतिशील कथा हो । साहित्यकार पारिजातले यस कथाका माध्यमबाट शासक वर्ग र शासित वर्गबिच भएको वर्ग संघर्षलाई यथार्थ रूपमा प्रस्तुत गरेकी छन् । कथामा प्रयुक्त ल्वाँगे घर्ती, सरदार्नी लगायतका पात्रहरूले शोषक/सामन्त वर्गको प्रतिनिधित्व गरेका छन् भने साल्गी, साल्गीकी आमा, आवा लगायतका पात्रहरूले शोषितपीडित वर्गको प्रतिनिधित्व गरेका छन् । खासगरी ल्वाँगे घर्तीजस्तो दलालले गाउँकी सोझी केटी साल्गीलाई आर्थिक प्रलोभनमा पारी जागिर लगाइदिने बहानामा कानपुरको वेश्यालयमा पुऱ्याई नारकीय जीवन बिताउन बाध्य बनाएको छ । यसरी नारीलाई बेचिने, भोगिने र साट्ने वस्तु ठान्ने नेपाली समाजको सामन्त प्रवृत्तिलाई कथाले व्यङ्ग्य गरेको छ (भण्डारी र अन्य, २०६८, पृ. ११९) । साथै पितृसत्ताका मतियार पुरुषहरूका घिनलाग्दा प्रवृत्तिहरूप्रति कथामा घृणा व्यक्त गरिएको छ ।

प्रस्तुत कथाका साल्गी, साल्गीकी आमा, आवा लगायतका पात्रहरू निम्न वर्गका सीमान्तीय पात्रहरू हुन् । सीमान्तीय अध्ययनले समाजको ठूलो समूह सत्ता र शक्तिको बाहिर हुन्छ अनि सम्भ्रान्त वर्गबाट शासित हुन्छ भनी बताएको छ । यस्तो व्यक्ति वा समूह अवरजन वा सबाल्टर्न हो (शर्मा, २०७०, पृ. ३२०) । वर्गीय वा सीमान्तीय अध्ययनले यिनै अधीनस्थ वर्गका आवाजहरू बुलन्द गर्दछ । प्रस्तुत कथाले पनि साल्गी लगायतका अधीनस्थ वर्गको आवाजलाई बुलन्द गरेको छ । यसरी कथाले हुने खाने र हुँदा खाने वर्गबिचको द्वन्द्वलाई जीवन्त रूपमा प्रस्तुत गरेको हुनाले वर्गीय चिन्तन/सीमान्तीयताका कोणबाट कथा सफल देखिन्छ । वर्गीय चिन्तन तथा सीमान्तीय अध्ययनका कोणबाट प्रस्तुत कथामा प्रयुक्त विशिष्ट पक्षलाई निम्न उपशीर्षकमा राखेर चर्चा गरिएको छ :

## गरिबी/अभाव र अशिक्षाको सिकार

प्रस्तुत कथाका साल्गी, साल्गीकी आमा र आवा लगायतका पात्रहरू गरिबी/अभाव, अशिक्षा र पछौटेपनको रोगले पिल्सिएका छन् । खासगरी कथाकी केन्द्रीय पात्र साल्गी गरिबी, अभाव र अशिक्षाकै कारण ल्वाँगे घर्ती र सरदार्नीजस्ता शोषक सामन्तहरूबाट पीडित बनेकी छ । सिन्धुपाल्चोकको गरिब परिवारमा जन्मिएकी साल्गीलाई गाउँकै फटाहा ल्वाँगे घर्तीले गरिबीको फाइदा उठाएर सहरको गलैँचा कारखानामा काम लगाइदिने बहानामा कानपुरको एउटा वेश्यालयमा पुऱ्याउँछ । गाउँमा बाखा चराउँदै दिन बिताएकी साल्गी सुरुमा त आफ्नो अभिभावकको अनुमतिविना जान नसक्ने कुरा जाहेर गर्छे तापनि बोल्न सिपालु ल्वाँगे घर्तीले उसलाई फकाइफुलाई गरी वेश्यालयजस्तो कालकोठरीमा पुऱ्याई पशुवत् जीवन बिताउन बाध्य बनाउँछ ।

> ल्वाँगे घर्तीले नेपालमा हिँड्, गलैँचा बुन्ने कारखानामा काम लगाइदिन्छु , थुप्रै पैसा कमाउँछेस् भनी भगाएर ल्याएको, यो कुन नर्कमा ल्याएर छोडिदियो ल्वाँगे पापीले मलाई यो होटल हो, यहाँ बस्दै गर म एकै छिनमा आउँछु भनी गएको ल्वाँगे एक वर्ष भइसक्यो फर्केर आएन ।... ल्वाँगेले फेरि भनेको थियो, तँ गएको जस्तो हो र अहिलेको नेपाल । कस्तो भइसकेको छ गाँठे, तर मैले तँलाई घुम्न मात्र जान भनेको होइन नि, पैसा कमाउन पो भनेको त ।' (पारिजात, २०७३, पृ. ११९)

यसरी हेर्दा गाउँका शोषक सामन्तहरूले गरिबी, अभाव र अशिक्षाको फाइदा उठाएर कसरी गरिब, निमुखा र असहायहरूलाई शोषण गरी आफ्नो स्वार्थसिद्धि गर्छन् भन्ने कुराको बलियो नमुना बनेको छ - 'साल्गीको बलात्कृत आँसु' कथा । यस खालको धनी र गरिब वर्गबिचको वर्गीय चित्रणलाई कथाले प्रस्तुत गरेको छ ।

## चरम यौन शोषण एवम् शारीरिक र मानसिक प्रताडना

प्रस्तुत कथाकी केन्द्रीय नारी पात्र 'साल्गी' निम्नवर्गीय नेपाली ग्रामीण नारीहरूको प्रतिनिधित्व गर्ने पात्र हो । साल्गीजस्ता कैयौँ नेपाली युवतीहरूलाई एकातिर ल्वाँगे घर्तीजस्ता दलालहरूले आर्थिक प्रलोभन देखाएर वेश्यालयमा पुऱ्याई देह व्यापार गर्न बाध्य बनाएका छन् भने अर्कोतिर सरदार्नीजस्ता वेश्यालयका मालिकले साल्गीजस्ता कैयौँ सोझासाझा नेपाली चेलीहरूको जवानी बेचेर रातारात अकुत सम्पति जोडेका छन् । साल्गीका कारणबाट सरदार्नी धनी बन्छे तर साल्गीको आर्थिक अवस्था जहाँको तहीँ रहन्छ । साल्गीमाथि चरम यौन शोषण भएको छ । पैसावाल यौन पिपासु पुरुषहरू आफ्ना घरमा श्रीमती हुँदाहुँदै पनि यौनको फरक स्वाद लिन वेश्यालयमा पुग्छन् र साल्गीको सुडौल शरीरमाथि राजनीति गरेर उसको कुमारीत्व र जवानी लुट्छन् । आफ्नै बहिनी वा छोरी भन्न मिल्ने साल्गीजस्ता चेलीहरूको अस्मिता लुटेर उनीहरूलाई शारीरिक र मानसिक प्रताडना दिन आफूलाई धनी र सम्पन्न भनाउँदा पुरुषहरू लालयित देखिन्छन् ।

> लाज उदाङ्गिएको उसको शरीरलाई हेर्दा यस्तो लाग्छ मानौँ यौन भोका पुरुषहरूले उसलाई रातभरिमा

> दशौँपल्ट बलात्कार गरेर फालिदिएका छन् । कोठामा ठर्राको हलुका गन्ध रुमलिरहेको छ । ओछ्यानभरि बेलीको फूल किच्चिएर मिच्चिएर छरिएका छन्, निर्मम हत्केलाहरू निमोठ्दै फालिदिए जस्तो, ठीक त्यो तरुनीको ज्यूँदो लाश जस्तै । (पृ.११७)

अतः यस कथामा शोषक, सामन्त र यौन पिपासुहरूबाट साल्गीजस्ता शोषितपीडित नारीहरू अन्याय र अत्याचारमा परी बाध्यता र विवशताले पुरुषको भोगविलासको साधन बन्नु परेको तथ्यलाई प्रस्तुत गरिएको छ ।

**लैङ्गिक उत्पीडन**

'साल्गीको बलात्कृत आँसु' कथालाई लैङ्गिक उत्पीडनका दृष्टिले पनि केलाउन सकिन्छ । पुरुषले नारीलाई र नारीले नारीलाई नै उत्पीडनमा पारेका तथ्यहरू कथामा प्रस्तुत भएका छन् । गाउँको ल्वाँगे घर्तीले सोझी र सरल हृदय भएकी साल्गीलाई आर्थिक प्रलोभनमा पारी गलैँचा कारखानामा काम लगाइदिने बहानामा कानपुरको वेश्यालयमा पुऱ्याउनु र साल्गीमाथि कैयौँ पुरुषहरूले चरम यौन शोषण गरी शारीरिक र मानसिक रूपले उसलाई प्रताडित बनाउनु लैङ्गिक उत्पीडनको ज्वलन्त उदाहरण हो । यसका साथै वेश्यालयकी मालिक्नी सरदार्नीले आफू महिला भएर पनि महिलाका पीडा, व्यथा र संवेदनालाई नबुझी साल्गीजस्ता गाउँका चेलीहरूलाई वेश्यालयमा राखी नारकीय जीवन बिताउन वाध्य बनाएकी छ । नारीलाई पुरुषको भोगविलासको साधन र बजारमा बेच्न राखिने वस्तुका रूपमा प्रस्तुत गर्न स्वयम् सरदार्नीजस्ता शोषक सामन्त नारीहरू नै लाग्नाले पितृसत्ताका अवशेषहरू नारीमा पनि हुने कुरालाई पुष्टि गर्दछ । विभिन्न रूप, आकृति र प्रकृतिका लोग्ने मान्छेहरू घरका श्रीमतीलाई छलेर यौनको फरक स्वाद चाख्न पैसाको बिटो बोकेर वेश्यालयमा आउने गर्दछन् ।

> यहाँ त ब्वाँसो, हाप्सिलो जस्ता लोग्ने मान्छेहरू घरमा स्वास्नीहरूलाई छलेर, पर्खाएर खुरुखुरु आउन थाल्छन् । अनि कराउन थाल्छन् 'वो वो नेपालियन चाहिये ।' कहिले छिन् छिन्मा फेरिन्छन्, कहिले रातभरिलाई रिजर्भ । छि ! कति घिनलाग्दा हुन्छन् यी लोग्ने मान्छेहरू । (पृ. १२३)

यसरी हेर्दा कथामा लैङ्गिक उत्पीडनका दृष्टान्तहरू प्रशस्त पाइन्छन् । पुरुषले नारीलाई र नारीले नारीलाई नै चरम शोषण गरी आफ्नो स्वार्थसिद्धि गर्नु पितृसत्ताको बलियो उदाहरण हो । कथाका साल्गीजस्ता नेपाली ग्रामीण चेलीहरू लैङ्गिक उत्पीडनको शिकार भएका छन् ।

**बन्धनबाट मुक्तिको खोजी र विद्रोहात्मक अभिव्यक्ति**

प्रस्तुत कथामा साल्गीका माध्यमबाट बन्धनबाट मुक्तिको खोजी र विद्रोहात्मक अभिव्यक्ति प्रस्तुत भएको छ। सिन्धुपाल्चोकको गाउँको सुन्दर प्राकृतिक काखमा जन्मिएकी र गाउँकै पाखापखेरामा स्वतन्त्रतापूर्वक बाख्रा चराउँदै दिन बिताएकी साल्गीलाई गाउँकै ल्वाँगे घर्तीले ललाइफकाई वेश्यालयमा पुऱ्याएपछि त्यहाँको नारकीय जीवनबाट ऊ असन्तुष्ट बन्न पुग्दछे। आफूले जतिसुकै सरसफाइमा ध्यान दिए पनि उसको शरीरबाट पुरुषको गन्ध आइरहेको आभाष उसलाई भएको छ। वेश्यालयको नारकीय जीवन उसलाई पटक्कै मन परेको छैन ।

> साल्गीलाई उठ्ने, नुहाउने, खाने केही गर्ने पनि जाँगर चल्दैन । त्यसै पनि जीवनप्रतिको जिज्ञासा नाउँको भावना वेश्यालयभित्र हुँदैन । जतिसुकै नुहाए पनि धोए पनि यहाँको फोहोरी वातावरण फेरिने होइन क्यार, मनको पवित्रता कसले देखोस् । ... उसको शरीरबाट अझ पनि लोग्नेमान्छेको दुर्गन्ध हराइसकेको छैन, उसले सिन्धुपाल्चोकबाट लिएर आएको आफ्नो मौलिक सुगन्ध कता हरायो कुन्नि ? (पृ. १२३)

यसरी कथाकी प्रमुख नारी पात्र साल्गीले एकातिर वेश्यालयको दुर्गन्ध र बन्धनयुक्त जीवनबाट मुक्ति खोजेकी छ भने अर्कोतिर आफूमाथि भएको चरम यौन शोषण, दमन र उत्पीडनका विरुद्ध भित्रभित्रै विद्रोह गरेकी छ र भनेकी छ :

> ऊ घरीघरी ल्वाँगे घर्तीलाई आफ्नै मनको हतियारले टुक्राटुक्रा काट्दै, क्षतविक्षत पार्दै बसिरहन्छे । यसरी उसको आक्रोश पटक्कै शान्त हुँदैन । ... एउटा भारतीय लोग्नेमान्छेले चरम सुख प्राप्त गरिरहेको बेला साल्गीको मनमा विद्रोहको भावना जाग्न थाल्छ ।...त्यो भारतीय लोग्नेमान्छे उठेर गइसक्दा साल्गीको विद्रोह आँसु भएर पग्लन थाल्छ । (पृ.१२२)

साल्गीले आफूमाथि भएको अन्याय र अत्याचारको सङ्गठित रूपमा खुलेर विद्रोह गर्न नसके तापनि भित्रभित्रै ल्वाँग घर्ती र सरदार्नी विरुद्ध आगो ओकल्ने प्रयास गरेकी छ । तर उसका विद्रोहका आवाजहरू केवल उसमा मात्र सीमित भएका छन् । यसरी कथामा साल्गीले वेश्यालयको नारकीय जीवनबाट मुक्तिको खोजी गर्दै आफूलाई वेश्यालयमा पुऱ्याएर यौन धन्दामा संलग्न गराउने दलाल, शोषक, सामन्त र यौन पिपासुहरूप्रति कटाक्ष गर्दै विद्रोहात्मक अभिव्यक्ति प्रस्तुत गरेकी छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट पारिजात वर्गीय द्वन्द्वलाई आधार बनाई गहन कथा लेख्ने कथाकार हुन् भन्ने स्पष्ट भएको छ । उनको यस कथामा सम्भ्रान्त वर्ग र निम्न वर्गका बिच भएको द्वन्द्वलाई सशक्त रूपमा चित्रण गरिएको पाइन्छ । कथामा ल्वाँगे घर्ती, सरदार्नी लगायतका पात्रहरूले सम्भ्रान्त वर्गको प्रतिनिधित्व गरेका छन् भने साल्गी, साल्गीकी आमा, आवा लगायतका पात्रहरूले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । सम्भ्रान्त वर्गका पात्रहरूले गरिबको श्रमलाई शोषण गरेर आफ्नो प्रभुत्व कायम गर्ने प्रयत्न गरिरहेका छन् । सम्भ्रान्त वर्गको यस क्रुरतापूर्ण व्यवहारका विरुद्ध निम्नवर्गीय पात्रहरू सचेत बनेका कुरालाई ती पात्रका क्रियाव्यापारले स्पष्ट पारेका छन् । सम्भ्रान्त वर्गका विरुद्ध विद्रोह गरी तिनलाई परास्त गर्न सकिन्छ भनी उनीहरू सचेत बनेको घटनाले यस कथामा वर्गीय द्वन्द्व सशक्त बनेको छ । सम्झौता र समर्पणबाट होइन द्वन्द्व वा सङ्घर्षका माध्यमबाट नै सम्भ्रान्त वर्गलाई परास्त गर्न निम्न वर्ग प्रयत्नशील रहेकाले मार्क्सले भनेझैँ वर्गीय द्वन्द्वको सशक्त अभिव्यक्ति यस कथामा भएको देखिन्छ । यसरी शोषक वर्गले शोषित वर्गमाथि आर्थिक, शारीरिक/ यौन, श्रम शोषण गरी विपन्न वर्गको समग्र जीवनलाई क्षतविक्षत बनाएका छन् । शोषक वर्गले गरेको शोषणका विरुद्ध मौन विमति जनाउने मात्र होइन सङ्गठित भएर आफूमाथि भएको अन्याय, अत्याचार र शोषणका विरुद्ध खुलेर/डटेर लड्नुपर्ने उद्घोष कथाले गरेको छ ।

प्रस्तुत कथामा प्रयुक्त पात्र र घटनालाई दृष्टिगत गर्दा मूलतः दुई वर्गका चरित्र र तिनका बिचको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । एउटा वर्ग साल्गीको घर परिवारसँग सम्बन्धित छ भने अर्को वर्ग ल्वाँगे घर्ती र सरदार्नीसँग सम्बन्धित रहेको छ । निम्नवर्गीय पात्रहरू आफ्नै दिनचर्या र सुसेधन्दामा रुमलिएको छ- आफू सीमान्तकृत भएको पनि चाल पाएको छैन । यसका विपरीत ल्वाँगे घर्ती, सरदार्नी लगायतका पात्रहरू अमानवीय, स्वार्थी र अपराधी छन् । निम्नवर्गीय चरित्रहरू दिनरात दुःख गर्छन् तर उनीहरूको आर्थिक तथा सामाजिक अवस्था दिनप्रतिदिन बिग्रँदै गएको छ भने सामन्त वर्गका चरित्रहरू अवैध धन्दा गरेर रातारात धनी बनिरहेका छन् । साल्गी, साल्गीकी आमा र आवा लगायतका पात्रहरू गरिबी, अभाव र अशिक्षाको सिकार बनेका छन् । ल्वाँगे घर्तीजस्ता दलालका कारण चरम यौन शोषण एवम् शारीरिक र मानसिक प्रताडना भोगिरहेका छन् । यस खालको वर्गीय एवम् लैङ्गिक उत्पीडनबाट मुक्ति पाउनका लागि साल्गीले विद्रोहका ज्वालाहरू ओकले पनि तिनले सार्थकता पाउन सकेका छैनन् । निम्नवर्गीय चरित्रहरूले सामन्त वर्गको उत्पीडनबाट मुक्ति पाउनका लागि जुन किसिमको विद्रोहको प्रयत्न गरेका छन्, त्यो पर्याप्त छैन । यति भएर पनि वर्गीय द्वन्द्वका कोणबाट प्रस्तुत कथालाई सफल मानिएको छ ।

## सन्दर्भसूची


उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथौ संस्क.). अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन ।

गौतम, सुन्दरी (२०६१). *पारिजातका कथामा नारी पात्र.* [अप्रकाशित शोध प्रबन्ध]. पृथ्वीनारायण क्याम्पस ।

त्रिपाठी, गीता (२०७५). *मोडुल सामग्री.* नेपाल खुला विश्वविद्यालय ।

पारिजात (२०७३). *मैले नजन्माएको छोरो.* फिनिक्स बुक्स ।

पौडेल, सुरज (सन् २०२२). बन्धनबाट मुक्ति कथामा सीमान्तीयता र बुढ्यौली व्यवस्थापन. *कौमोदकी* २. पृ. ११९-१३०. *https://doi.org/10.3126/kdk.v2il.43178.*

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन* : साझा प्रकाशन ।

भण्डारी, पारसमणि, ज्ञवाली, शिवप्रसाद, पौडेल, राजेन्द्रप्रसाद, लामिछाने, यादवप्रकाश, घिमिरे, तुलसीराम, खनाल, गेहेन्द्र र पौड्याल, शालिकराम (२०६८). *नेपाली गद्य र नाटक.* विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश र लामिछाने, गीता (२०७२). *नेपाली कथा र उपन्यास.* विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज (२०७०). अवरजन अध्ययन र साहित्य. *भृकुटी* भाग १९. पृ. ३१४-३२५।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०५७). *नेपाली कथा भाग ४.* साझा प्रकाशन ।

सुब्बा, मनप्रसाद (सन् २०११). केन्द्र बनाम किनारा. *किनारा विमर्श.* पृ. ५८-६० ।